वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १८२ | २०८३ कात्तिक २३ गते सोमबार, नेपाल सम्वत् ११४६ November 09, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## सयपत्री फूल र विमिरोको व्यापार

तनहुँको ऋषिङ गाउँपालिकामा उत्पादित सयपत्री फूल र विमिरो बिक्री गर्न लिएर बसेका महिलाहरू । तिहार पर्वमा भाइटिकाको दिन दिदीबहिनीहरूले सयपत्री फूल र विमिरोको प्रयोग गर्ने गर्दछन । कात्तिक २५ गते बुधबार भाइटिका परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले सार्वजनिक गरेको छ । साइतसम्बन्धी विवरणअनुसार भाइटीकाको शुभसाइत बिहान ११ बजेर ७ मिनेटमा रहेको छ । कात्तिक २५ गते बुधबार यमद्वितीया तथा भाइटीका (किजापूजा) मनाइने समितिले जनाएको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# तिहारअघि नै फूल फक्रिएपछि तनहुँका कृषकका आम्दानीको लक्ष्य जोखिममा

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको म्याग्दे गाउँपालिका-४ छिम्लीश्वाराका किसानले गत वर्ष सयपत्री फूलको माग धान्न सकेनन् । बजारमा फूलको माग राम्रो भएपछि उत्साहित बनेका उनीहरूले यस वर्ष खेती विस्तार गरेर झन्डै तीन गुणा क्षेत्रफलमा फूल लगाए । तर, उत्पादन बढाएर आम्दानीको लक्ष्यसमेत तेब्बर पुऱ्याएका किसान अहिले फूल बिक्री हुनेमा ढुक्क छैनन् । तिहार आउनुअगावै बारीमा फूल फक्रिन थालेपछि उनीहरूलाई बजार व्यवस्थापनको चिन्ताले सताएको छ ।

गत वर्ष छ रोपनीमा गरिएको सयपत्री खेती यस वर्ष विस्तार गरेर १६ रोपनीमा पुऱ्याइएको छ । चण्डेश्वरी फलफूल तथा तरकारी कृषक समूहमा आबद्ध २३ जना महिलाले सामूहिक रूपमा गरेको खेतीबाट यस वर्ष १५ लाख रूपैयाँको फूल बिक्री गर्ने लक्ष्य राखेका छन् । तर, तिहार ढिलो परेका कारण फूल समयभन्दा अगाडि फक्रिन थालेपछि किसानको लगानी र अपेक्षित आम्दानी दुवै जोखिममा परेका छन् ।

समूहकी अध्यक्ष जितमाया रानाका अनुसार गत वर्ष तिहारको समयमा फूलको माग अत्यधिक थियो । उत्पादनले माग धान्न नसकेपछि यस वर्ष खेती विस्तार गरिएको हो । तर, यसपटक फूल फुल्ने समय र तिहारको मिति नमिल्दा बिक्रीमा समस्या हुने आशंका बढेको छ ।

"गत वर्ष तिहार छिटो परेको थियो । फूल पनि राम्ररी बिक्री भयो । मागअनुसार पुऱ्याउनै सकेनौं", रानाले भनिन्, "यसपटक तिहार ढिलो छ। फूल भने दसैँलगत्तै फक्रिन थालेको छ । एक हप्ता अगाडि नै फूल फुलेपछि तिहारसम्म बिक्री हुन्छ कि हुँदैन भन्ने चिन्ता लागेको छ ।"



गत वर्ष छ रोपनीमा उत्पादन गरिएको सयपत्री बिक्री गरेर समूहले चार लाख ५० हजार रूपैयाँ आम्दानी गरेको थियो । किसानले प्रतिकिलो तीन सय रूपैयाँका दरले फूल बिक्री गरेका थिए । बजारमा माग राम्रो र उत्पादन कम भएपछि बिक्रीमा समस्या नभएको किसानको अनुभव छ । यही सफलताले यस वर्ष खेती विस्तार गर्ने प्रेरणा दिएको थियो ।

तर, उत्पादन बढाउने तयारी गर्दा बजारको माग, फूल फुल्ने समय र बिक्रीको सुनिश्चिततामा पर्याप्त ध्यान दिन नसकिएको किसानको अनुभव छ । फूलखेतीमा उत्पादन मात्र बढाएर हुँदैन, बजारमा माग हुने समयसम्म फूलको गुणस्तर कायम राख्न पनि उत्तिकै चुनौती हुन्छ । समयमै बिक्री हुन नसके फक्रिएको फूल ओइलाउने र किसानले लागतअनुसारको मूल्यसमेत नपाउने जोखिम रहन्छ ।

### मकै, मास छाडेर नगदेबालीतर्फ

छिम्लीश्वाराका किसानले केही वर्षअघिसम्म बारीमा मकै, मास र बोडी खेती गर्दै आएका थिए । परम्परागत खेतीमा श्रम र समय धेरै खर्चिए पनि आम्दानी कम

*बाँकी तेश्रो पेजमा*

# पोखरा महानगरको प्रशासनिक भवन कहाँ र कहिले बन्ने अनिश्चित

**भञ्ज्याङ समाचारदाता**/पोखरा

वि.सं. २०१६ मा नगरपालिका घोषणा भएको पोखरा महानगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण अझै अनिश्चित बनेको छ । जेनजी आन्दोलनका क्रममा न्युरोडस्थित कार्यालय ध्वस्त भएपछि महानगरले भाडाको भवनबाट सेवा प्रवाह गरिरहेको छ । तर, नयाँ प्रशासनिक भवन कहाँ र कहिले निर्माण गर्ने भन्ने विषयमा अहिलेसम्म टुङ्गो लाग्न सकेको छैन ।

आन्दोलनपछि पोखरा महानगरपालिकाले मासिक सात लाख रूपैयाँ भाडा तिरेर पोखरा-९, नयाँ बजारस्थित राष्ट्रिय वाणिज्य बैंकको भवनबाट सेवा सञ्चालन गर्दै आएको छ । आगलागीबाट ध्वस्त भएको न्युरोडस्थित पुरानो कार्यालयका संरचना अहिले भत्काउने काम भइरहेको छ ।

तीन तहका सरकार गठन भएपछि निर्वाचित दोस्रो कार्यकालका जनप्रतिनिधिको अवधि यही वर्ष सकिँदै छ। तर, दशकौंदेखि आफ्नै प्रशासनिक भवन निर्माणको आवश्यकता रहँदै आए पनि जग्गा, डिजाइन र लगानीको टुङ्गो लाग्न सकेको छैन । महानगरको प्रशासनिक भवन निर्माणमा भइरहेको ढिलाइप्रति नागरिकस्तरबाट समेत चासो र प्रश्न उठ्न थालेका छन् ।



पोखरा महानगरपालिका-१४ का स्थानीय विश्व सिग्देलले महानगरको प्रशासनिक भवनका

*बाँकी अन्तिम पेजमा*

# सम्पादकीय .....

www.bhanjyangnews.com

## पर्यटन र पूर्वाधार

नेपालको पर्यटनको समृद्धि केवल हिमाल र धार्मिक स्थलहरूको भ्रमणसँग मात्र सिमित छैन, बरू यसले जैविक विविधता र सांस्कृतिक सम्पदासँग पनि गहिरो सम्बन्ध राख्छ। नेपालका विभिन्न क्षेत्रहरूको जैविक विविधता, जस्तै माछापुच्छ्रे, अन्नपूर्ण र लाङटाङ जस्ता क्षेत्रहरूमा रहेका जीवजन्तु र वनस्पतिहरूले पनि पर्यटकको ध्यान आकर्षित गर्छ । यी जैविक धरोहरहरूले नेपालको पर्यटकीय इकोसिस्टमलाई बलियो बनाउँछन् । यसरी, पर्यटकहरु प्राकृतिक सौन्दर्यसँगै जैविक विविधताको आनन्द पनि लिन सक्छन्, जसले पर्यटकीय क्षेत्रको महत्वलाई अझ बढाउँछ । गण्डकी प्रदेशका तनहुँ, बन्दीपुर, देवघाट र छिम्केश्वरी जस्ता क्षेत्रको जैविक र सांस्कृतिक संरक्षणका माध्यमबाट पर्यटनलाई अझ प्रोत्साहन दिइरहेको छ । यसले नेपालको स्थानीय समुदायको जीवनस्तर र पर्यावरणीय सुरक्षा दुवैमा सकारात्मक असर पार्दछ । नेपालका पर्यटकीय गन्तव्यहरूको पूर्वाधारमा सुधारको आवश्यकता भनेको यथार्थ हो। सडक मार्गहरूको सुदृढीकरण, होटलहरूको गुणवत्ता र यातायातका आधुनिक विकल्पहरूको अभाव यस क्षेत्रको समृद्धिमा अडचन ल्याइरहेका छन्। विशेष गरी ग्रामीण क्षेत्रका पर्यटन स्थलहरूमा सस्तो र सरल यातायातको सुविधा नहुँदा पर्यटकको आगमनमा रूकावट आउन सक्छ । यस्तो अवस्थामा स्थानीय र केन्द्रीय सरकारलाई सडकको सञ्जाललाई प्रभावकारी बनाउन, होमस्टे र होटलहरूको उन्नति गर्न र पर्यटनको लागि आवश्यक स्वास्थ्य र सफाइका पूर्वाधारहरु बनाउने कुरा महत्वपूर्ण छ । उदाहरणका लागि, तनहुँको ऐनापहरा क्षेत्रको विकासमा गरिएको प्रयासहरु सकारात्मक छन् । जहाँ स्काइ साइक्लिङ र पार्क निर्माणका योजनाले पर्यटकीय अनुभवलाई नयाँ उचाइमा पुर्याएको छ । र अहिले आन्तरिक पर्यटकको रोजाइको गन्तव्य बन्दै गएको छ । यसका साथै, पर्यटकीय गतिविधिहरूको अझ प्रभावकारी प्रबर्धनका लागि स्थानीय बजार र सेवा प्रदायकलाई समावेश गर्न सकिन्छ। यसले स्थानीय रोजगार सिर्जना गर्ने र पर्यटन उद्योगलाई दीर्घकालीन बनाउने मौका दिन्छ।

नेपालका पर्यटन स्थलहरूको विशिष्टता यसको सांस्कृतिक र ऐतिहासिक धरोहरमा निहित छ । ऐतिहासिक मन्दिरहरु, पुराना दरबार, अन्नपूर्णको हिमालय र अन्य धार्मिक स्थलहरूले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा एक पर्यटन गन्तव्यको रूपमा स्थापित गरेको छ। यही कारणले, नेपालका पर्यटन स्थलहरूमा संस्कृति र इतिहासको संरक्षणमा ध्यान दिन अत्यन्त आवश्यक छ । छिम्केश्वरी जस्तो स्थानले नेपालको सांस्कृतिक महत्वलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ। यहाँको मन्दिरमा पूजा अर्चना गर्ने श्रद्धालुहरूको आगमन र हिमालयको अनुपम दृश्यावलोकनले यस क्षेत्रलाई अत्यन्त आकर्षक बनाएको छ। यसरी, सांस्कृतिक स्थलहरूको संरक्षण र पुनर्निर्माण मात्र नगरी, ती स्थलोंमा आधारित पर्यटन गतिविधिहरूको विकास गर्नु पनि महत्त्वपूर्ण छ । यसले न केवल सांस्कृतिक धरोहरको संरक्षण गर्नेछ, बरू त्यस क्षेत्रको अर्थतन्त्रमा पनि सुदृढीकरण ल्याउनेछ। नेपालको पर्यटनको स्थायीत्व र दीर्घकालीन विकासको लागि स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य छ। पर्यटनका फाइदाहरु केवल बाह्य पर्यटकहरूलाई मात्रै नभइ स्थानीय समुदायलाई पनि सीधै असर गर्नेछन्। त्यसैले, पर्यटकीय स्थलहरूमा स्थानीय व्यक्तिहरूलाई जागरूक पार्न र उनीहरूलाई पर्यटन उद्योगको हिस्सा बनाउन आवश्यक छ । होमस्टे, गाइड सेवाहरु र हस्तशिल्पको व्यवसायमा स्थानीय नागरिकहरूको सहभागिता पर्यटनको विकासमा ठूलो योगदान पुर्याउन सक्छ ।

बन्दीपुर र छिम्केश्वरी जस्ता स्थानहरूमा स्थानीय समुदायले गरेको होमस्टे र सांस्कृतिक प्रदर्शनीहरूले यो कुरा स्पष्ट प्रमाणित गरेको छ। यसले स्थानीय संस्कृतिको संरक्षण पनि गर्दछ र साथै पर्यटकलाई वास्तविक नेपाली जीवनशैलीसँग परिचित गराउँछ। नेपालका पर्यटकीय स्थलहरूलाई एकीकृत र समन्वित ढंगले प्रवर्द्धन गर्न आवश्यक छ । पृथ्वीराजमार्गको किनारमा रहेका ऐनापहरा, मर्स्याङदी जलविद्युत केन्द्र र छिम्केश्वरी जस्ता स्थलहरूलाई जोड्ने कार्यक्रमहरूले पर्यटकीय यात्रा अझ रोचक र सुविधाजनक बनाउन सक्छ । यसरी, पर्यटकलाई एकैपटक विभिन्न ठाउँमा भ्रमण गर्ने अवसर दिइन्छ, जसले क्षेत्रीय विकासमा सकारात्मक असर पार्नेछ । विभिन्न पर्यटन क्षेत्रहरूको प्रचार र पर्यटनको समयसँग मिल्दो योजना बनाएर नेपाललाई एक सुगम र आकर्षक गन्तव्य बनाउन सकिन्छ। एकीकृत पर्यटन योजना नेपालको पर्यटन उद्योगलाई अझ उच्चतामा पुऱ्याउन मद्दत गर्नेछ। नेपालको पर्यटनमा अपार सम्भावना छ, र यसको समृद्धिका लागि एकजुट प्रयास आवश्यक छ । सांस्कृतिक संरक्षण, जैविक विविधताको बचाउ, पर्यटन पूर्वाधारको विकास र स्थानीय समुदायको सहभागिता गरेर नेपाल एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित हुन सक्छ। नेपालको पर्यटन केवल आर्थिक लाभको स्रोत मात्र होइन, यसले स्थानीय संस्कृतिको बचाउ र समृद्धिमा पनि ठूलो भूमिका निर्वाह गर्न सक्छ । यसका लागि सरकार, स्थानीय समुदाय र निजी क्षेत्रको साझेदारी र प्रयास अपरिहार्य छ । पर्यटकीय स्थलहरूको विकास गर्दा, प्राकृतिक र सांस्कृतिक धरोहरको संरक्षण र प्रबर्द्धन प्राथमिकता होस्, ताकि हामी नेपाललाई एक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकौं। यसका लागि सबैको हातेमालोको खाँचो छ ।

# सुशासनका लागि बनेको सरकारको कुशासन यात्रा

नेपालको राजनीतिमा नयाँ नेतृत्वको उदयलाई पुराना राजनीतिक दलप्रतिको जनअसन्तुष्टि र परिवर्तनको अपेक्षासँग जोडेर हेरिएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) र प्रधानमन्त्री बालेन साहको नेतृत्वमा बनेको सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार र राजनीतिक संस्कार परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो।

राजनीतिक परिवर्तनसँगै राज्य सञ्चालनको चरित्र पनि परिवर्तन भएको छ, कि नेतृत्व र अनुहार मात्रै परिवर्तन भएको छ, यसबारे चर्चा गर्न जरूरी छ। रास्वपाको राजनीतिक उदयको प्रमुख आधार भ्रष्टाचारविरोधी अभियान, शहर केन्द्रित मध्यम वर्गीय आक्रोश र पुराना दलको विकल्प बन्ने प्रतिबद्धता थियो। तर सरकार र सत्तारूढ दलसँग जोडिएका आर्थिक पारदर्शिता, सहकारी प्रकरण, मन्त्री नियुक्ति, सम्पत्ति विवरण तथा विभिन्न विवादले त्यही प्रतिबद्धताको परीक्षण गरेर पनि अवस्था छ । त्यस्तै, नवराज मैनाली तथा दियो पोस्टका पत्रकारसँग जोडिएका घटनाले पनि समाचार संकलन र पत्रकारको सुरक्षा सम्बन्धमा प्रश्न उठाएको छ ।

समाचारमा प्रकाशित विषयप्रति असहमति भए प्रेस काउन्सिल, कानुनी प्रक्रिया र तथ्यगत खण्डनका माध्यम उपलब्ध छन् । समाचारको स्रोत खोज्ने नाममा शक्ति प्रयोग गर्दा त्यसको आवश्यकता, कानुनी आधार स्पष्ट हुनुपर्छ। तर यी घटनामा प्रधानमन्त्री वा उनको सचिवालयको प्रत्यक्ष निर्देशन थियो भन्ने कुराको स्वतन्त्र पुष्टि नभई सकेको भएपनि कहिँ न कहिँ यो प्रकरणमा प्रधानमन्त्री वा उनको सचिवालय जोडिएको कुरालाई नकार्न मिल्दैन ।

सरकारले सुधारका नाममा अघि सारेका कतिपय निर्णय सर्वोच्च अदालतमा चुनौतीमा परे। सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने नीति, विद्यार्थी सङ्गठनमाथिको प्रतिबन्ध र पुनर्वासको व्यवस्था नगरी डोजर चलाउनु आफैंमा पर्याप्त समाधान थिएन। यो घटना इतिहासमा लज्जास्पद घटनाका रूपमा दर्ज भैसकेको छ ।

डोजरले संरचना भत्काउन सक्छ तर गरिबी, बेरोजगारी र भूमिहीनताको संरचनात्मक समस्या समाधान गर्न सक्दैन। राइड-शेयरिङ चालक गणेश नेपालीको मृत्युको घटनाले सरकारको कार्यशैली र श्रमिकको सम्मानको विषयलाई राष्ट्रिय बहसमा ल्याएको छ। गणेश नेपाली घटना लगत्तै देशभर आत्मदाह गर्ने क्रम यसरी वृद्धि भयो, कि इतिहासमा यस्तो कहिलेपनी भएको थिएन। यसले सिंगो राष्ट्रलाई नै लज्जित गऱ्यो । सरकारले लाचारीता प्रदर्शन गरिरहयो ।

मोटरसाइकलमा हवील लक लगाएपछि चालकले आत्मदाह गरेको घटनाले सामान्य प्रशासनिक कारबाही र नागरिकको जीवनबीच राज्यले कस्तो




नयाँ मोडतर्फ उन्मुख भइरहेको छ। चरम निराशाले पुनः एकपटक छलाङ मार्दै छ।

मन्त्री दीपककुमार साह र गृहमन्त्री सुधन गुरूङसँग जोडिएका विवाद तथा राजीनामा र पुनर्नियुक्तिको विषयले सार्वजनिक पदमा रहने व्यक्तिको नैतिक जिम्मेवारीबारे प्रश्न उठाएको छ । कुनै व्यक्तिमाथि आरोप लाग्नु भन्दापनि, आरोप लागेपछि सरकारले कस्तो छानबिन गऱ्यो, प्रतिवेदन सार्वजनिक गऱ्यो कि गरेन र जवाफदेहिताको मापदण्ड आफ्ना तथा विपक्षी दुवैका लागि समान बनायो कि बनाएन भन्ने हो । भ्रष्टाचारविरोधी भनिएको राजनीति अरूलाई प्रश्न सोध्ने अधिकार मात्र होइन, आफूलाई पनि प्रश्नको कठघरामा उभ्याउने जिम्मेवारी हुनुपर्ने थियो, तर त्यसो भएको देखिएन । लोकतन्त्रको आधारभूत सर्तमध्ये प्रेस स्वतन्त्रता एक हो। सरकारका निर्णयमाथि प्रश्न उठाउने, सार्वजनिक पदाधिकारीको आलोचना गर्ने र नागरिकलाई सूचना दिने अधिकार सञ्चारमाध्यमको हो ।

पत्रकार किशोर श्रेष्ठसँग जोडिएको पक्राउ तथा कार्यालयमा छापा प्रकरण, विश्वमणि सुवेदी, शोभराज बराल र धिरज बस्नेतलगायत पत्रकारमाथि भएको प्रहरी धडपकडले प्रेस स्वतन्त्रताको अवस्थाबारे गम्भीर बहस सिर्जना गरेको सार्वजनिक पदाधिकारीसम्बन्धी केही निर्णय अदालतको न्यायिक परीक्षणमा पुगे ।

सर्वोच्च अदालतले सरकारी विज्ञापनसम्बन्धी नीतिलाई असंवैधानिक र विभेदकारी ठहर गर्दै उल्टाएको तथा विद्यार्थी सङ्गठनमाथिको प्रतिबन्ध कार्यान्वयनमा रोक लगाउनु सरकारको लाचारी हो । यसले एउटा महत्त्वपूर्ण संवैधानिक प्रश्न उठाएको छ, सरकारसँग बहुमत वा जनादेश हुनु भनेको संविधान र कानुनभन्दा माथि हुने अधिकार होइन। राज्य सञ्चालनमा सुधार आवश्यक छ । तर सुधारको नाममा संसद्, अदालत, संवैधानिक निकाय र नागरिक अधिकारलाई कमजोर बनाउने बाटो स्वीकार्य हुन सक्दैन। लोकप्रियता तासको महल जस्तो अस्थायी हो, भने संवैधानिक संस्थाहरु लोकतन्त्रका दीर्घकालीन आधार हुन् ।

काठमाडौं उपत्यकाका नदी किनारका अनौपचारिक बस्ती हटाउने अभियानले सरकारको विकास तथा सहरी व्यवस्थापनसम्बन्धी दृष्टिकोणमाथि अर्को बहस जन्मायो । नदी किनार अतिक्रमण हटाउनु, सार्वजनिक जग्गा संरक्षण गर्नु र सहरी व्यवस्थापन सुधार्नु राज्यको जिम्मेवारी हो। तर दशकौंदेखि बसोबास गर्दै आएका भूमिहीन परिवारको आवास, रोजगारी, बालबालिकाको शिक्षा र वैकल्पिक संवेदनशीलता अपनाउनुपर्छ भन्ने गम्भीर प्रश्न उठाएको छ। यस घटनालाई केवल प्रशासनको गल्ती वा व्यक्तिको व्यक्तिगत निर्णय भनेर सीमित गर्नु पर्याप्त हुँदैन। घटनाको निष्पक्ष अनुसन्धान, प्रशासनको व्यवहार, श्रमिकको अधिकार र पीडित परिवारप्रति राज्यको दायित्व स्पष्ट हुनुपर्थ्यो। तर त्यसो पनि भएन ।

त्यस्तै, सुनसरीमा साम्प्रदायिक तनाव र हिंसाका घटनाले नागरिक सुरक्षा तथा सामाजिक सद्भाव कायम गर्ने राज्यको जिम्मेवारीलाई पनि प्रश्नको केन्द्रमा ल्याएको छ। सरकारको शक्ति नागरिक अधिकारलाई नियन्त्रण गर्न मात्र होइन, नागरिकको सुरक्षा र सम्मान सुनिश्चित गर्न प्रयोग हुनुपर्छ । ई-पासपोर्ट खरिद प्रक्रियामा प्रधानमन्त्री सचिवालयको सम्भावित हस्तक्षेपले पनि नयाँ प्रश्न जन्माएको छ। अख्तियारका अधिकारीलाई बोलाएर घण्टौ राखिएको भन्ने आरोपले प्रधानमन्त्रीको सचिवालयको नियत स्पष्ट गरिसकेको छ। मुख्यसचिव नियुक्तिमा प्रशासनिक परम्परासम्बन्धी विवाद पनि उत्तिकै सम्झना लायक छ ।

राजदूत नियुक्तिसम्बन्धी विषयमा सरकारी सचिव कृष्णहरि पुष्करमाथि भएको प्रहरी कारबाही । प्रधानमन्त्रीका प्रमुख सल्लाहकारको भनिएको भारत भ्रमण र

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
साहस र उत्साह बढ्नेछ। रोकिएका काममा प्रगति हुनेछ। आर्थिक लाभका स्रोत फेला पर्न सक्छन्।

**वृष**
नयाँ योजना सुरू गर्न अनुकूल समय छैन। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

**मिथुन**
बौद्धिक क्षेत्रमा प्रगति हुनेछ। अध्ययन-अध्यापनमा राम्रो उपलब्धि मिल्नेछ। छोटो यात्रा फलदायी बन्नेछ।

**कर्कट**
निर्णय लिन कठिनाइ हुन सक्छ। खर्च बढ्ने सम्भावना छ। नजिकका व्यक्तिबाट सहयोग प्राप्त हुनेछ।

**सिंह**
कार्य क्षेत्रमा जिम्मेवारी बढ्नेछ। मिहिनेतले फलीफाप दिनेछ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ।

**कन्या**
कर्मठताले सफलता दिलाउनेछ। सामाजिक क्षेत्रमा प्रशंसा बढ्नेछ। आर्थिक पक्ष मजबुत हुनेछ।

**तुला**
मनमा प्रसन्नता रहनेछ। दाम्पत्य जीवनमा मिठास बढ्नेछ। पारिवारिक सहयोगले काममा सहजता आउनेछ।

**वृश्चिक**
गोप्य योजना सार्वजनिक हुन सक्छ, सतर्क रहनुहोस्। वैचारिक मतभेदका कारण असहजता आउन सक्छ।

**धनु**
प्रेम सम्बन्धमा प्रगाढता आउनेछ। आर्थिक लाभ हुनेछ। शुभचिन्तक र साथीहरूको साथ पाउने दिन।

**मकर**
काममा ढिलाइ भए पनि नतिजा सकारात्मक आउनेछ। कार्यस्थलमा मान-सम्मान बढ्नेछ।

**कुम्भ**
नयाँ सोच र योजनाले लाभ दिलाउनेछ। अध्ययन, अनुसन्धान वा यात्रामा सफलता मिल्नेछ।

**मीन**
खर्च बढ्ने सम्भावना छ। आत्मसंयम राख्नुहोस्। बिनियोजित कार्यमा ढिलाइ भए पनि अन्ततः सफलता मिल्नेछ।

# सुशासनका लागि बनेको .....

कूटनीतिक समन्वयको प्रश्न पनि त्यतिकै सनसनी पुर्ण र रहस्यको गर्भमा छ । समग्र रुपमा हेर्दा प्रधानमन्त्री कार्यालयको अधिकार, सल्लाहकारहरुको कानुनी हैसियत र प्रशासनिक निर्णयमा उनीहरुको हस्तक्षेपको सीमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

राज्य सञ्चालन कुनै व्यक्तिको निजी सचिवालय वा अनौपचारिक निर्देशन प्रणालीबाट होइन, स्थापित कानुनी र संस्थागत प्रक्रियाबाट चल्नुपर्छ । अर्थमन्त्री स्वर्णिम वाग्लेको भारतसम्बन्धी अभिव्यक्ति, बजेटमा प्रस्तावित शिक्षा तथा स्वास्थ्य सेवासम्बन्धी तीन प्रतिशत कर, भारतबाट व्यक्तिगत प्रयोजनका सामान ल्याउँदा भन्सार कडाइ र दैनिक उपभोग्य वस्तुको आपूर्तिसम्बन्धी गुनासा तथा चरम महँगीले आर्थिक नीतिमा सामाजिक प्रभावबारे प्रश्न उठाएका छन्। जनताको दैनिकी इतिहासकै दयनीय अवस्थामा पुगेको छ ।

त्यस्तै, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा कर लगाउने प्रस्तावले निम्न तथा मध्यम आय भएका परिवारमाथि पार्ने भारबारे बहस आवश्यक बनाएको छ। यद्यपि शिक्षा स्वास्थ्यमा लगाइएको कर प्रधानमन्त्रीको सक्रियतामा फिर्ता गरिएको छ। भारतसँग आर्थिक सम्बन्ध सुधार्नु नेपालको राष्ट्रिय हितविपरीत होइन। तर राष्ट्रिय स्वाभिमान, सार्वभौमिकता, व्यापारिक निर्भरता र कूटनीतिक सन्तुलनलाई एउटै नीतिगत दृष्टिकोणबाट सम्बोधन गर्न सक्नुपर्छ। तर त्यसो हुन सकिरहेको छैन ।

आर्थिक सुधारको मूल्याङ्कन नागरिकको क्रयशक्ति, रोजगारी, उत्पादन, लगानी र सार्वजनिक सेवामा आएको सुधारबाट हुने कुरा हो । सरकारले काम नगर्ने ठेकेदारमाथि कारबाही गर्ने र अलपत्र आयोजना अगाडि बढाउने उद्देश्यले ठेक्का रद्द गर्ने निर्णय लिएको विषय पनि विवादित छ । सुनकोशी-मरिण डाइभर्सन र मेची करिडोर सडकजस्ता आयोजनाको सन्दर्भमा ठेक्का रद्द गर्नुको औचित्य, सरकारी भुक्तानीको अवस्था र निर्माण व्यवसायीको जिम्मेवारीलाई अलग-अलग हिसाबले मूल्याङ्कन गर्नुपर्छ । सरकारको तर्कअनुसार काम नगर्ने ठेकेदारलाई कारबाही आवश्यक छ। निर्माण व्यवसायीको प्रतिवादअनुसार सरकारी भुक्तानीमा ढिलाइ, जग्गा प्राप्ति र 'राइट अफ वे' का समस्या पनि आयोजना ढिलाइका कारण हुन सक्छन् ।

यसको अर्थ स्पष्ट छ, ठेक्का रद्द गर्नु नै विकासको उपलब्धि होइन। पुरानो ठेक्का तोडेपछि नयाँ प्रक्रिया कति छिटो सम्पन्न हुन्छ, लागत कति बढ्छ र नागरिकले सेवा कहिले पाउँछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । अर्थमन्त्री स्वर्णिम वाग्लेको भारतसम्बन्धी अभिव्यक्तिले राष्ट्रवाद र कूटनीतिक सम्बन्धको विषयलाई पुनः चर्चामा ल्याएको छ । भारतसँगको आर्थिक तथा कूटनीतिक सहकार्य नेपालको आवश्यकता हो । तर कालापानी, लिपुलेक, लिम्पियाधुरा, सुस्ता र सीमा विवादजस्ता विषयमा नेपालको राष्ट्रिय अडान स्पष्ट रहनुपर्छ। तर यो सरकार बाट त्यस्तो कुनै पहल भएको देखिएन ।राष्ट्रवादलाई भारतविरोधी भावनामा मात्र सीमित गर्नु गलत हो । त्यसैगरी आर्थिक सहकार्यको नाममा राष्ट्रिय स्वाभिमान र सार्वभौमिकताका प्रश्नलाई गौण बनाउनु पनि उचित हुँदैन ।

नेपालको परराष्ट्र नीति भावनात्मक प्रतिक्रियामा होइन, राष्ट्रिय हित, भूराजनीतिक यथार्थ र दीर्घकालीन रणनीतिमा आधारित हुनुपर्छ । रास्वपाको उदय केवल एउटा राजनीतिक दलको विस्तार थिएन । यो परम्परागत राजनीतिक अभ्यासप्रतिको असन्तुष्टि र नयाँ विकल्प खोजिरहेका नागरिकको अपेक्षासँग जोडिएको थियो । तर नयाँ राजनीतिक शक्तिले पनि पुरानै राजनीतिक कमजोरी दोहोऱ्याउने बाटोमा क्रियाशील भएको देखिन्छ।

कुनै दल नयाँ हुनु आफैंमा सुशासनको होइन । त्यसैगरी पुराना दलसँग आबद्ध हुनु मात्र कसैलाई असफल प्रमाणित गर्ने आधार पनि होइन । राजनीतिक दलको मूल्याङ्कन उसको नाम, उमेर र प्रचारभन्दा काम, नीति र जवाफदेहिताबाट हुन्छ। त्यस्तै अर्को जटिल र गम्भीर खाले परिदृश्यमा इनम सापकोटा प्रकरण आएको छ। यस प्रकरणले राज्यका शक्तिशाली संस्थाहरुको संस्थागत विश्वसनीयता, कार्यकारी शक्तिको प्रयोग, न्यायालयको स्वतन्त्रता र प्रहरी अनुसन्धानको निष्पक्षतामाथि गम्भीर प्रश्न खडा गरेको छ । भ्रष्टाचार, बिचौलियातन्त्र र राजनीतिक पहुँचविरुद्ध परिवर्तनको नारा दिएर उदाएको नयाँ राजनीतिक नेतृत्वकै कार्यकालमा प्रधानमन्त्रीको सचिवालयसँग जोडिएका व्यक्तिहरु विवादको केन्द्रमा देखिनु आफैंमा विडम्बना हो ।

**प्रधानमन्त्रीको नाम र शक्तिको अनौपचारिक प्रयोग**

यस प्रकरणको सबैभन्दा संवेदनशील पक्ष हो। प्रधानमन्त्रीको नाम प्रयोग गरेर राज्यका विभिन्न निकायमा प्रभाव पार्ने प्रयास भएको भन्ने आरोप आरोप आफैंमा अत्यन्तै गम्भीर छ। इनम सापकोटाले प्रधानमन्त्रीको नाम लिएर न्यायाधीश, प्रहरी अधिकारी तथा अन्य प्रभावशाली व्यक्तिहरुसँग सम्पर्क गरेको विवरण सार्वजनिक भएका छन् । सर्वोच्च अदालतका न्यायाधीश सँग भएको भनिएको ह्वाट्सएप संवादले न्यायालयसम्म अनौपचारिक पहुँच विस्तार गर्ने प्रयास भएको हो कि भन्ने प्रश्न लाई बलियो बनाएको छ।

प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारले सापकोटाले प्रधानमन्त्रीको नाम दुरूपयोग गरेको भनेर अभिव्यक्ति दिएका छन्। प्रधानमन्त्री कार्यालयले पनि उनीसँग संस्थागत सम्बन्ध नरहेको भनेको छ। तर यहाँ प्रश्न प्रधानमन्त्रीको नाम दुरूपयोग भयो कि भएन भन्नेमा मात्र सीमित रहन्न । प्रधानमन्त्रीको नाम प्रयोग गरेर कसैले राज्यका निकायमा प्रभाव जमाउन खोज्दा त्यसलाई रोक्ने संस्थागत संयन्त्रले किन काम गरेनन् भन्नेमा छ ।

यदि प्रधानमन्त्रीको नाम दुरूपयोग भएको हो भने त्यसको छानबिन र कानुनी कारबाही हुनुपर्छ। यस प्रकरणको सबैभन्दा गम्भीर र संवेदनशील पाटो इनम सापकोटाका दुईवटा मोबाइल फोनसँग जोडिएको छ । प्रहरी स्रोतका दाबीअनुसार असोज १४ गते प्रहरी नियन्त्रणमा रहेका मोबाइल फोन प्रधानमन्त्रीको सचिवालयसँग निकट सम्बन्ध भएका व्यक्तिहरुले लगेका थिए। ती मोबाइल दुई दिनसम्म प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको ज्वागलस्थित घरमा राखिएको र असोज १६ गते बिहान प्रहरीलाई फिर्ता गरिएको भनिएको छ ।

मोबाइलमा ह्वाट्सएप, फेसबुक लगायत सामाजिक सञ्जाल प्रयोग भएको, केही संवाद मेटिएको, केही थपिएको र मोबाइलबाट स्क्रिनसट निकालिएको भन्ने सम्मका सूचना पनि सार्वजनिक भएका छन् । यी विवरण स्वतन्त्र फरेन्सिक परीक्षण र आधिकारिक अनुसन्धानबाट पुष्टि हुन बाँकी छन्। तर सार्वजनिक भएका दाबी सत्य हुन् भने यो गम्भीर प्रशासनिक त्रुटि हो । फौजदारी अनुसन्धानमा बरामद गरिएको मोबाइल एउटा महत्वपूर्ण डिजिटल प्रमाण हो। त्यसको संरक्षण, प्रयोग, हस्तान्तरण र परीक्षण निश्चित कानुनी प्रक्रियाअनुसार हुनुपर्छ । प्रहरी नियन्त्रणमा रहेको मोबाइल प्रहरीको अनुमतिबिना बाहिर कसरी पुग्यो ? यो गम्भीर प्रश्न हो ।

यस प्रकरणसँग जोडिएर प्रहरी नेतृत्व र प्रधानमन्त्रीको सचिवालयबीच असमझदारी बढेको भन्ने विवरण पनि सार्वजनिक भएका छन् । प्रहरी महानिरीक्षकले अनुसन्धानमा कानुनी प्रक्रिया पालना गर्नुपर्ने अडान लिएको, मोबाइल प्रकरण र सापकोटासँग प्रधानमन्त्रीका सल्लाहकारको सम्बन्धबारे प्रधानमन्त्रीलाई जानकारी गराएको तथा त्यसपछि सचिवालयसँग दूरी बढेको भन्ने समाचारहरू सार्वजनिक भएका छन्। यहीं प्रकरणको अनुसन्धानका विषयमा विवाद हुँदा प्रहरी नेतृत्वमाथि प्रतिशोधपूर्ण व्यवहार भएको हो भनेर बुझ्न ढिलाइ गर्नु हुँदैन । सरकारले प्रहरीको अनुसन्धानलाई स्पष्ट प्रभावित पार्न प्रहरी प्रमुखलाई हटाइएको हुनुपर्छ, भन्नेमा कुनै शंका रहेन । यदि त्यसो थिएन भने, प्रहरी नेतृत्वमाथि भएको कारबाहीको वास्तविक कानुनी आधार के हो? सरकारले त्यसको प्रमाणसहित स्पष्ट जवाफ दिनुपर्छ ।

अहिलेको सरकारले पुरानो राजनीतिक संस्कार, भ्रष्टाचार, बिचौलियातन्त्र र राज्य संयन्त्रको दुरूपयोगविरुद्ध जनताको असन्तुष्टिलाई आफ्नो राजनीतिक आधार बनाएर आएको हो । जनताले नयाँ नेतृत्वबाट शासन सञ्चालनको नयाँ संस्कार, पारदर्शिता, जवाफदेहिता र संस्थागत सुधारको अपेक्षा गरेका थिए । तर आज प्रधानमन्त्रीको सचिवालयसँग जोडिएका व्यक्तिहरुको नाम बिचौलिया प्रकरणमा चर्चामा आउनु, प्रहरी अनुसन्धानका प्रमाणको नियन्त्रणबारे प्रश्न उठ्नुले सरकारको सुशासनसम्बन्धी प्रतिबद्धतामाथि नैतिक प्रश्न खडा गरेको छ । यदि नयाँ नेतृत्व पनि अनौपचारिक पहुँच, व्यक्तिगत सम्बन्ध र शक्तिको आडमा राज्यका संस्थाहरु सञ्चालन गर्न खोज्छ भने त्यो भन्दा ठुलो भुल केहि हुनेछैन । साथै नयाँ शक्ति अथवा रास्वपासँग सम्बन्धित धेरै सांसदहरू, नेताहरूका विषयमा पनि धेरै प्रकरणहरू जोडिएका छन् । ती प्रकरणहरूको अनुसन्धान हुँदै छ, भनेर सूचनाहरू सार्वजनिक भएका छन् । जनचासोहरू पनि उत्तिकै जीवन्त छन् । तर स्वतन्त्र अनुसन्धान हुनेमा लगभग लगभग सत् प्रतिशत आशंकाहरू छन्। हेरौं भविष्यमा के के हुनेछ । नेपालप्रेसबाट

# तिहारअघि नै फूल .....

भएपछि उनीहरुले वैकल्पिक खेतीको खोजी गरेका थिए । विदेशबाट समेत फूल आयात भइरहेको देखेपछि आफ्नै गाउँमा सयपत्री उत्पादन गरी स्थानीय बजारको माग पूरा गर्ने सोचका साथ गत वर्ष सामूहिक खेती सुरू गरिएको थियो । पहिलो वर्षको आम्दानीले किसानलाई उत्साहित बनायो । परम्परागत बालीको तुलनामा फूलखेतीबाट राम्रो आम्दानी लिन सकिने सम्भावना देखिएपछि २३ जना महिलाले यस वर्ष खेती विस्तार गरेका हुन् ।

समूहकी कोषाध्यक्ष सन्सरी रानाले मकै र मास खेतीमा धेरै मिहिनेत गर्दा पनि अपेक्षित आम्दानी नहुने भएकाले फूलखेती रोजेको बताइन् । "पहिले मकै, मास लगाउँथ्यौं । जति दुःख गरे पनि आम्दानी कम हुन्थ्यो । फूलखेती गर्दा गत वर्ष राम्रो आम्दानी भयो", उनले भने, "यसपटक तिहार ढिलो भएको छ । फूल छिटै फुलेकाले बजारमा मूल्य पाउँछौं कि पाउँदैनौं भन्ने चिन्ता छ ।"

**उत्पादनको मूल्य किसानले पाएनन्**

फूलखेती विस्तारसँगै किसानले बजारमा बिचौलियाको प्रभाव र मूल्य निर्धारणको समस्या पनि भोगिरहेका छन् । गत वर्ष प्रतिकिलो तीन सय रूपैयाँमा फूल बिक्री गरेका किसानले आफूहरुबाट खरिद गरिएको फूल उपभोक्तासम्म पुग्दा बढी मूल्यमा बिक्री हुने गरेको अनुभव सुनाएका छन् ।

बजार मूल्यबारे पर्याप्त जानकारी नहुँदा किसानले व्यापारीले प्रस्ताव गरेको मूल्यमा फूल बिक्री गर्नुपरेको अध्यक्ष रानाको भनाइ छ । किसानले उत्पादनमा गरेको मेहनतअनुसारको लाभ पाउन नसकेको उनको गुनासो छ । "फूलको मूल्य कति राख्ने भन्ने हामीलाई थाहा थिएन। प्रतिकिलो तीन सय रूपैयाँमा बिक्री गर्यौं। हामीसँग फूल किनेर लैजाने व्यापारीले उपभोक्तालाई बढी मूल्यमा बेच्नुभयो", उनले भनिन् "किसान र उपभोक्ताबीच सीधै खरिद-बिक्री हुन सके किसानले राम्रो मूल्य पाउँथे र उपभोक्ताले पनि सहज रूपमा फूल पाउन सक्थे ।"

किसानले स्थानीय तहले हाटबजार वा व्यवस्थित बिक्री केन्द्रको व्यवस्था गर्नुपर्ने माग गरेका छन्। उत्पादनस्थलबाटै व्यापारीको भरमा बिक्री गर्नुपर्ने अवस्थाको अन्त्य गरी किसान र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्न सके दुवै पक्षलाई लाभ हुने उनीहरुको अपेक्षा छ ।

**मौसमले थपेको जोखिम**

फूल फक्रिने समय र बजारको अनिश्चितताँसगै मौसमले पनि किसानलाई चिन्तित बनाएको छ । समूहकी सदस्य विसरा रानाले तिहारसम्म फूल बिक्री गर्न सकिने हो वा होइन भन्ने अन्योलबीच वर्षाको सम्भावनाले थप चिन्ता बढाएको बताउनुभयो। "फूल छिटै फुलेको छ । अब के हुन्छ भन्ने चिन्ता लागेको छ", उनले भनिन् "फेरि पानी पर्छ भन्ने समाचार पनि आइरहेको छ।"

छिम्लीश्वाराका २३ जना महिलाले सामूहिक रूपमा थालेको फूलखेतीले परम्परागत कृषिबाट व्यावसायिक उत्पादनतर्फको सम्भावना देखाएको छ। तर, उत्पादन बढाउने किसानलाई बजारको सुनिश्चितता, मूल्य निर्धारण र बिक्री वितरणमा सहयोग नपुग्ने हो भने कृषि उद्यम विस्तार दिगो हुन सक्दैन ।

स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तहले किसानको उत्पादनलाई बजारसँग जोड्ने संयन्त्र विकास गर्न आवश्यक छ । फूलखेतीको क्षेत्र विस्तार गर्न प्रोत्साहनसँगै उत्पादन चक्र, चाडपर्वको माग, संकलन, भण्डारण र बिक्री व्यवस्थापनमा समेत प्राविधिक तथा संस्थागत सहयोग पुऱ्याउन सके मात्रै किसानको मेहनत आम्दानीमा रूपान्तरण हुन सक्छ ।


## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाने सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

कात्तिक २८ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:

१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

२. स्नायु (Neurology) सम्बन्धी समस्या:
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।





जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**सडक पेटीमा व्यापार :** तनहुँको दमौलीस्थित सफासडकको पेटीमा भारतीय पोके व्यापारीहरू तिहारका भाई मसल तथा सप्तरङ्गी टिकका बिक्री गर्दै। नगरपालिकाले फुटपाथ व्यापारीहरूलाई व्यवस्थित गर्न नसक्दा बजार अव्यवस्थित बन्नुका साथै पैदलयात्रुले समेत सास्थि झेल्नुपरेको छ । *तस्विर : भञ्ज्याङ*

# देवकोटाको ११८औं जन्मजयन्तीको सन्दर्भ

**सुरेशकुमार पाण्डे**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीका अवसरमा देशभरका साहित्यकार तथा साहित्यप्रेमीले विभिन्न कार्यक्रम आयोजना गरी उहाँको योगदानको स्मरण र सम्मान गर्दै आएका छन्। देवकोटामात्र होइन, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याललगायत नेपाली साहित्यका धरोहरहरूको सम्झनामा पनि विभिन्न साहित्यिक कार्यक्रम हुने गरेका छन्। यी व्यक्तित्व नेपाली भाषा, साहित्य र संस्कृतिका अमूल्य निधि हुन्।

कुनै पनि राष्ट्रको आफ्नै भाषा, भेषभूषा, रहनसहन र संस्कृति हुन्छ। यी पक्षले नै राष्ट्रको मौलिक पहिचान स्थापित गर्छन्। भाषा र संस्कृतिको संरक्षण, संवर्द्धन तथा विकासमा साहित्यकारहरुको महत्वपूर्ण योगदान रहन्छ। कवि तथा लेखकहरु राष्ट्रका सांस्कृतिक आधारस्तम्भ हुन्। त्यसैले उनीहरूको सम्मान गर्नु, सिर्जनाको संरक्षण गर्नु र योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु राज्य र नागरिक दुवैको दायित्व हो ।

महाकवि देवकोटाको जन्म विसं १९६६ कात्तिक २७ गते लक्ष्मीपूजाका दिन काठमाडौंको डिल्लीबजारस्थित धोबीधारामा भएको थियो। उहाँका पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवी हुनुहुन्थ्यो। जन्मका समयमा उहाँको नाम तीर्थमाधव देवकोटा राखिएको थियो। लक्ष्मीपूजाका दिन जन्मिएकाले पछि उहाँको नाम लक्ष्मीप्रसाद राखिएको बताइन्छ।

देवकोटाका साहित्यिक कृतिमध्ये मुनामदन नेपाली साहित्यको अत्यन्त लोकप्रिय कृति हो। यसबाहेक कुञ्जिनी, भिखारी, शाकुन्तल, सुलोचना लगायतका कृतिले पनि नेपाली साहित्यमा विशिष्ट स्थान बनाएका छन्। उहाँका निबन्ध, कविता, महाकाव्य तथा उपन्यासले नेपाली साहित्यलाई समृद्ध बनाएका छन्। लक्ष्मी निबन्धसंग्रह, पागल, यात्री र चम्पा उहाँका चर्चित सिर्जनामध्ये पर्छन्। उहाँका रचनामा मानवीय संवेदना, सामाजिक यथार्थ, प्रकृतिप्रेम, राष्ट्रिय चेतना र जीवनदर्शनको सुन्दर अभिव्यक्ति पाइन्छ।

नेपाली साहित्यको इतिहास




लामो भए पनि यसको व्यवस्थित लेखन, संकलन र प्रकाशनको परम्परा क्रमशः विकसित भएको देखिन्छ । नेपाली साहित्यका प्रारम्भिक कविका रूपमा सुवानन्द दासलाई लिइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणबाट प्रभावित भएर उनले कविता सिर्जना गरेको उल्लेख पाइन्छ। तर नेपाली साहित्यको मौखिक परम्परा लिखित इतिहासभन्दा धेरै पुरानो हुन सक्छ। लोकगीत, लोककथा, लोकनृत्य र जनजीवनमा अभिव्यक्त हुने भावनात्मक सिर्जना पनि साहित्यकै महत्वपूर्ण अङ्ग हुन्।

नेपाली साहित्यको इतिहासमा धेरै प्रतिभा र सर्जकले योगदान गरेका छन्। तर सबैको योगदानको उचित अभिलेखीकरण र मूल्याङ्कन हुन सकेको छैन। विगतमा शिक्षा, प्रकाशन र सञ्चारका अवसर सीमित हुँदा आर्थिक तथा सामाजिक रूपमा कमजोर वर्गका धेरै प्रतिभा सार्वजनिक हुन सकेनन्। उनीहरूका सिर्जना समाजसम्म पुग्न नपाउँदै हराएर गए होलान्। त्यसैले नेपाली भाषा, कला र साहित्यमा योगदान पुऱ्याएका अग्रज सर्जकहरूको खोज, अनुसन्धान र अभिलेखीकरण आवश्यक छ।

आजको समय भने विगतको तुलनामा फरक छ। सञ्चारमाध्यम र प्रविधिको विकासले सामान्य नागरिकलाई पनि आफ्ना सिर्जना सार्वजनिक गर्ने अवसर दिएको छ। नयाँ पुस्तामा लेखन र सिर्जनाप्रतिको आकर्षण बढाउन सकियो भने नेपाली साहित्यको क्षेत्र अझ फराकिलो बन्न सक्छ। तर अहिले साहित्यिक कृति प्रकाशन हुने क्रम बढे पनि तिनको अध्ययन, चर्चा र पाठक निर्माण अपेक्षाकृत कमजोर देखिन्छ । पुस्तक प्रकाशनसँगै त्यसको अध्ययन गर्ने संस्कार विकास गर्नु आजको महत्वपूर्ण आवश्यकता हो ।

विशेषगरी युवा पुस्तामा पुस्तक पढ्ने, पुस्तक किन्ने र साहित्यिक सिर्जनाबारे बहस गर्ने संस्कार विकास हुनुपर्छ। साहित्य केवल मनोरञ्जनको साधन होइन, समाजलाई बुझ्ने, चेतना अभिवृद्धि गर्ने र मानवीय संवेदना जागृत गराउने माध्यम पनि हो। साहित्यिक कृतिले समाजका विकृति, विसङ्गति र विभेदलाई उजागर गर्दै सकारात्मक परिवर्तनका लागि प्रेरणा दिन सक्छन् ।

साहित्यकारको मूल्याङ्कन उसको राजनीतिक आस्था वा आबद्धताका आधारमा होइन, सिर्जनाको गुणस्तर र समाजमा पुऱ्याएको योगदानका आधारमा हुनुपर्छ। कुनै व्यक्ति कुन राजनीतिक विचार वा दलसँग आबद्ध छ भन्ने आधारमा उसको साहित्यिक प्रतिभालाई उपेक्षा गर्नु उचित होइन। उसका सिर्जनाले नेपाली समाज, भाषा, संस्कृति र मानवताको हितमा योगदान पुऱ्याएका छन् भने त्यस्ता प्रतिभाको सम्मान गर्न सक्नुपर्छ।

महाकवि देवकोटालाई सम्झिनु भनेको उहाँका रचनाको प्रशंसा गर्नुमा मात्र सीमित हुनुहुँदैन। उहाँले स्थापित गरेका मानवीय मूल्य, स्वतन्त्र चेतना, सिर्जनशीलता र सामाजिक संवेदनालाई व्यवहारमा आत्मसात् गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । उहाँका कृतिमाथि अध्ययन, विमर्श र अनुसन्धान गर्दै नयाँ पुस्तालाई नेपाली साहित्यप्रति आकर्षित गर्न सकेमात्र जन्मजयन्ती मनाउनुको सार्थकता रहन्छ ।

नेपाली साहित्यको विकासका लागि अग्रज सर्जकहरूको सम्मानसँगै ओझेलमा परेका प्रतिभाको खोजी र नयाँ पुस्ताका लेखक तथा कविलाई प्रोत्साहन गर्न आवश्यक छ। राप्ती साहित्य परिषद्, दाङ शाखालगायत विभिन्न साहित्यिक संस्थाले साहित्यकारको स्मृति र सिर्जनाको सम्मानमा गर्दै आएका कार्यक्रम यस दिशामा महत्वपूर्ण प्रयास हुन्। यस्ता गतिविधिलाई देशभरका साहित्यिक संस्थाले निरन्तरता दिनुपर्छ।

अन्ततः भानुभक्त, मोतीराम, देवकोटा र लेखनाथजस्ता अग्रज साहित्यकारको योगदानलाई संरक्षण गर्दै नेपाली साहित्यको समग्र इतिहासको खोज, अध्ययन र अभिलेखीकरण गर्नु हाम्रो साझा दायित्व हो। साहित्यको सम्मान, पुस्तक अध्ययनको संस्कार र नयाँ प्रतिभाको प्रोत्साहनबाट मात्र नेपाली भाषा तथा साहित्यको भविष्य अझ उज्ज्वल बनाउन सकिन्छ ।

facebook twitter

**Binod Neupane**
x.com/Neupane1Binod

छिमेकी हो भारत, Connectivity and proximity मा जोडिए कै १९५० को सन्धि छ! उसको स्वार्थ भनेकै ऊर्जा, सिँचाइ र आर्थिक व्यापार र गोर्खा सेना हो ! लाज, गाल उसले सहयोग त गरेकै छ, गरिहाल्छ ! चीनसँग धेरै सीमा विवाद भए पनि, अमेरिकाको तिब्बत नीति र अमेरिकी क्रियाकलाप नेपालमा भएको नियाली हाल्छ ! यसैका आधारमा मापन गर्छ अहिलेका नेपालका प्रमलाई ! लिम्पिया धुरा, चुच्चे नक्साको मेयर हुँदा फुर्ती दिए अहिले नेपालले भारतीय भूमि मिचेको गफ चुटेका छन् ! आला काँचा, ठेट्ना मूल्याङ्कन गर्छन् त्यहाँ ! यहाँ जस्तो सजिलो छैन भनिदिन्छ भैरे !

**Manavi Paudel**
x.com/ManaviPaudel

छोरीको इज्जत आफू पीडित बनेर, अन्याय सहेर वा बाध्यतामा सम्झौता गरेर जोगिने कुरा होइन। छोरीको वास्तविक इज्जत उसको आत्मसम्मान, स्वाभिमान, आत्मनिर्भरता र व्यक्तिगत मर्यादामा हुन्छ।

समाजले बनाएका खोक्रा मान्यता र परम्पराका नाममा छोरीलाई आफ्नो अस्तित्वसँग सम्झौता गर्न बाध्य नबनाऔं ।

सिन्दूर त केवल शृङ्गारको एउटा सामग्री हो, कुनै महिलाको इज्जत, पहिचान वा जीवनको मूल्य मापन गर्ने मापदण्ड होइन। छोरीको सम्मान उसको निधारको सिन्दूरमा होइन, उसको शिर उँचो राखेर बाँच्न सक्ने आत्मसम्मानमा खोजौं। अन्याय सहनुलाई संस्कार र पीडा लुकाउनुलाई इज्जतको नाम नदिऔं । छोरीलाई सम्झौता गर्न होइन, सम्मानका साथ बाँच्न सिकाऔं ।

# पोखरा महानगरको .....

लागि वडा नम्बर १२ मा रहेको भेटेरिनरी अस्पतालको करिब एक सय रोपनी जग्गा उपयुक्त हुने सुझाव दिएका छन् । उनका अनुसार उक्त स्थान पोखराको केन्द्रमा पर्ने र साबिक लेखनाथ क्षेत्रका बासिन्दालाई समेत सहज हुने भएकाले महानगरको प्रशासनिक केन्द्र बनाउन उपयुक्त छ । उहाँले भन्नुभयो, "महानगरको केन्द्रमा पर्ने साबिक लेखनाथलाई समेत पायक पर्ने भेटेरिनरी अस्पताल भएको जग्गा उपयुक्त हुने देखिन्छ । यो जग्गाको सदुपयोग पनि गर्नुपर्छ ।"

पोखरा नगरपालिका स्थापना भएपछि सुरूमा कार्यालय पोखरा-११, रानीपौवामा राखिएको थियो। त्यतिबेला प्रयोग भएको भवन अहिले पनि अस्तित्वमा छ। उक्त जग्गा हाल नेपाली सेनाको विजयपुर ब्यारेकभित्र पर्छ । त्यसपछि न्युरोडमा कार्यालय भवन निर्माण गरी विसं २०४१ देखि नगरपालिकाले त्यहींबाट सेवा प्रवाह गर्न थालेको थियो ।

जेनजी आन्दोलनमा न्युरोडस्थित कार्यालय ध्वस्त भएपछि उक्त जग्गाको उपयोग कसरी गर्ने भन्ने विषयमा पनि बहस सुरू भएको छ। त्यहाँ पार्किङ सुविधासहितको बहुतले व्यापारिक भवन बनाउने चर्चा चलेसँगै त्यसको पक्ष र विपक्षमा मत विभाजित भएको छ। कतिपयले खुला स्थान र पार्क निर्माण गर्नुपर्ने बताएका छन् भने कतिपयले बहुतले पार्किङ भवन बनाउनुपर्ने धारणा राखेका छन् ।

न्युरोड टोल सुधार समितिका अध्यक्ष मनोहर श्रेष्ठले उक्त स्थानमा पार्क निर्माण गर्न माग गर्दै महानगरपालिकामा ज्ञापनपत्र बुझाइएको बताए । महानगर प्रमुख धनराज आचार्यका अनुसार न्युरोडको जग्गामा बहुतले पार्किङसहितको सार्वजनिक भवन निर्माण गर्ने, खुला क्षेत्रका रूपमा संरक्षण गर्ने वा अन्य उपयुक्त संरचना बनाउने विषयमा विभिन्न सुझाव प्राप्त भएका छन् । उनले भने, "महानगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माणका लागि अन्यत्र उपयुक्त जग्गा व्यवस्था हुन नसकेमा न्युरोडमै बनाउनुपर्ने अवस्था आउन सक्छ ।"

महानगरपालिकाले सबै शाखा तथा महाशाखालाई एउटै स्थानमा राख्न सकिने उपयुक्त जग्गाको खोजी गरिरहेको छ । न्युरोडको जग्गा चारैतिर सडकले घेरिएको र भवन निर्माण गर्दा आवश्यक मापदण्डअनुसार सडक क्षेत्र छाड्नुपर्ने भएकाले उपलब्ध निर्माण क्षेत्र निकै साँघुरो हुने देखिएको छ ।

यसअघि पाँच महिनाअघि प्रमुख आचार्यले कार्यपालिका बैठकमा न्युरोडको जग्गामा सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा व्यापारिक भवन निर्माण गर्ने प्रस्ताव पेस गर्नुभएको थियो । तर, उक्त प्रस्ताव कार्यपालिकाबाट अस्वीकृत भएको थियो ।

महानगरको प्रशासनिक भवन निर्माणका लागि जग्गा व्यवस्थापन, लगानीको स्रोत र उपयुक्त स्थानबारे स्पष्ट निर्णय हुन नसक्दा भाडाको भवनबाट सेवा सञ्चालन गर्नुपर्ने अवस्था लम्बिएको छ । जनप्रतिनिधिको कार्यकाल सकिन लाग्दासमेत प्रशासनिक भवनको योजना अन्योलमै रहनुले महानगरको दीर्घकालीन पूर्वाधार व्यवस्थापन र संस्थागत प्राथमिकतामाथि प्रश्न उठाएको छ।

**bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४